व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०२।१८ गते)

शहिद लखन गाउँपालिका, गोरखा

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
गण्डकी प्रदेश, नेपाल
घैरुङ्ग, गोरखा
ईमेलः info@shahidlakhanmun.gov.np
वेबसाइटः shahidlakhanmun.gov.np

व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावनाः
शहिद लखन गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरूको दर्ता, नवीकरण, नियमन र खारेजी तथा व्यवसायहरूको वर्गीकरण सम्बन्धी विषयमा प्रक्रियागत स्पष्टता ल्याई व्यवसायमैत्री वातावरण निर्माण गर्ने र व्यवसाय करलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकाले, शहिद लखन गाउँपालिकाको मिति २०८३ साल जेठ १८ गते को बैठकले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार बमोजिम शहिद लखन गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः
(१) यो कार्यविधिको नाम "व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।
(२) यो कार्यविधि शहिद लखन गाउँपालिका क्षेत्रभर लागू हुनेछ र ऐन र यस कार्यविधि बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ।
(३) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा
(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ।
(ख) "कर" भन्नाले प्रचलित ऐन, नियम र यस कार्यविधि बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको व्यवसायमा पूँजीगत लगानी, व्यवसायको प्रकृति, आर्थिक कारोबारको आधारमा वर्गीकरण गरी दर्ता र नवीकरणमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनुपर्दछ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने ब्याज वा हर्जना वा शुल्क वा जरिवाना समेतलाई जनाउँछ।
(ग) "कर अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्ने जिम्मेवारी प्राप्त प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने गाउँपालिकाको कर्मचारीलाई समेत जनाउँछ।
(घ) "एकाई" भन्नाले गाउँपालिकामा कर सम्बन्धी काम, कारबाही र निर्णय गर्ने जिम्मेवारी प्राप्त गाउँ कार्यपालिका कार्यालय अन्तर्गतको शाखा/उपशाखा वा राजश्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक एकाई सम्झनुपर्छ।
(ङ) "करदाता" भन्नाले ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने दायित्व भएका व्यक्ति, फर्म वा संस्थालाई सम्झनुपर्दछ र यो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही सुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।
(च) "कार्यपालिका" भन्नाले शहिद लखन गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ।
(छ) "कार्यविधि" भन्नाले शहिद लखन गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधिलाई सम्झनुपर्दछ।
(ज) "कार्यालय" भन्नाले शहिद लखन गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ र यो शब्दले गाउँपालिकाको गठन संरचनामा रहेको शाखा/उपशाखा वा राजश्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक एकाई वा वडा कार्यालय समेतलाई जनाउँछ।
(झ) "गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिकालाई सम्झनुपर्दछ।
(ञ) "व्यवसाय" भन्नाले शहिद लखन गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार सम्झनुपर्दछ।
(ट) "वडा कार्यालय" भन्नाले शहिद लखन गाउँपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरूलाई सम्झनुपर्दछ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ड) "आर्थिक ऐन" भन्नाले शहिद लखन गाउँपालिकाको आर्थिक ऐनलाई सम्झनुपर्दछ।

परिच्छेद २
व्यवसाय दर्ता, नवीकरण र वर्गीकरण सम्बन्धी व्यवस्था

३. दर्ता गरी व्यवसाय सञ्चालन गर्नुपर्नेः

(१) गाउँपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले गाउँपालिकामा व्यवसाय दर्ता गर्नुपर्नेछ।

(२) तर, व्यवसाय सञ्चालन गर्नुपूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाको हुनेछ।

(३) यो कार्यविधि प्रारम्भ हुनुअगावै गाउँपालिकामा दर्ता नगरी सञ्चालन भइरहेका व्यवसाय समेत यसै कार्यविधि बमोजिम अनिवार्य रुपमा दर्ता गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि कार्यालयले निश्चित अवधि तोकी व्यवसाय दर्ता गराउनका लागि अनुसूची १ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ।

(५) उपदफा (३) बमोजिमको सूचनालाई कार्यालयले रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायत अन्य उपयुक्त सञ्चार माध्यमद्वारा प्रचार प्रसारको व्यवस्था मिलाउन सक्नेछ।

(६) उपदफा (२) बमोजिम दर्ता नगरी सञ्चालन भएका व्यवसायलाई कार्यालयले निजले तिर्नुपर्ने कर असुल उपर गरी व्यवसाय बन्द गर्न/गराउन सक्नेछ।

४. व्यवसाय दर्ताका लागि दरखास्त दिने र दर्ता गर्नेः

(१) गाउँपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची -२ मा उल्लेखित ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त दिँदा देहायका विवरण तथा कागजात समेत संलग्न गरेको हुनुपर्नेछ।

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) प्रचलित कानून बमोजिम अन्य निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि।

(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि।

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(ङ) कार्यालयले तोकेको अन्य विवरण तथा कागजातहरु।

(च) सञ्चालकको दुई प्रति पासपोर्ट साइजको फोटो।

(छ) व्यवसाय सञ्चालन गर्ने स्थानको जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा अरुको नामको घर जग्गा भएमा सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा वा कम्तिमा २ वर्षको वहाल सम्झौता

(ज) तिरो तिरेको रसिदको प्रतिलिपि

(झ) संयुक्त व्यवसाय भए साझेदारहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र साझेदारहरुबीचको साझेदारी सम्बन्धी सम्झौतापत्रको प्रतिलिपि।

(ञ) व्यवसाय दर्ताको लागि सँधियारहरुको मञ्जुरीनामा/ सर्जमिन मुचुल्का

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले त्यस उपर आवश्यक जाँचबुझ समेत गरी आर्थिक ऐनमा तोकिए बमोजिमको दर्ता शुल्क लिई व्यवसाय दर्ता गर्नेछ।

(४) उपदफा (३) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची ३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेख गरी व्यवसायको लगत कायम गर्नेछ।

(५) उपदफा (३) बमोजिम व्यवसाय दर्ता भएपछि कर एकाइ/कार्यालयले निवेदकलाई अनुसूची ४ को ढाँचामा व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराई सोको जानकारी आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा पठाउनुपर्नेछ।

(६) वडा कार्यालयले व्यवसाय दर्ता गर्ने व्यवस्था मिलाइएको अवस्थामा यस दफा बमोजिम व्यवसायको दर्ताको लागि दरखास्त लिने र व्यवसाय दर्ता गरी प्रमाणपत्र दिने कार्य सम्बन्धित वडाले गर्नेछ।

(७) उपदफा (६) बमोजिम दर्ता भएका व्यवसायहरूको विवरण मासिक रुपमा गाउँ कार्यपालिकाको कार्यालय र कर इकाइ/राजश्व शाखामा पठाउनुपर्नेछ।

(८) कुनै पनि व्यक्तिको नाममा एउटै उद्देश्य भएको एकभन्दा बढी स्थानमा व्यवसाय सञ्चालन गर्नुपर्ने भएमा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक छुट्टाछुट्टै व्यवसाय दर्ता गराउनुपर्नेछ।

(९) एकपटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असुल गरिनेछ।

५. व्यवसाय नवीकरण गर्नुपर्नेः

(१) दफा ४ बमोजिम दर्ता भएका व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसायको नवीकरण गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कर चुक्ता गरी नवीकरण गराउने कार्य प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र गराई सक्नुपर्नेछ।

(३) व्यवसाय नवीकरण गर्नका लागि देहाय बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी अनुसूची -२ बमोजिम निवेदन दिनुपर्नेछ।

(क) व्यवसाय दर्ताको सक्कल प्रमाण-पत्र।

(ख) व्यवसाय सञ्चालकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि।

(ग) तिरो तिरेको रसिदको प्रतिलिपि।

(घ) करचुक्ताको प्रतिलिपि

(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस

६. घुम्ती सेवा सञ्चालन गर्न सकिनेः

(१) कार्यालयले यस कार्यविधि बमोजिम व्यवसायको दर्ता, नवीकरण र खारेजी सम्बन्धी कार्यको सहजताका लागि व्यवसायीलाई पायक पर्ने स्थानमा घुम्ती सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको घुम्ती सेवा सञ्चालनका लागि गाउँपालिकामा क्रियाशील व्यवसायिक तथा पेशागत संघ संस्थाहरुसँग समन्वय गर्न सक्नेछ।

७. व्यवसायको वर्गीकरण सम्बन्धी व्यवस्थाः

(१) गाउँपालिकाले व्यवसाय कर प्रयोजनका लागि आफ्नो क्षेत्रभित्र सञ्चालन हुने व्यवसायलाई व्यवसायको किसिम, कारोबार तथा पूँजी लगानी एवम् स्थानगत अवस्था समेतका आधारमा तोकिएको ढाँचामा वर्गीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्ने कार्य व्यवसाय दर्ता गर्दाकै बखत गरिने र सोको बेहोरा व्यवसाय प्रमाणपत्रमा नै उल्लेख गर्नुपर्नेछ।

(३) कर अधिकृतले व्यवसाय कर निर्धारण गर्दा उपदफा (१) बमोजिम कायम गरिएको वर्गीकरणलाई आधार मानी गर्नुपर्नेछ।

परिच्छेद ३
विवरण हेरफेर सम्बन्धी व्यवस्थाः

८. विवरण हेरफेर भएमा जानकारी गराउनुपर्ने

(१) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेस गरेका विवरणमा हेरफेर, परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण सहित निवेदन मार्फत कार्यालयमा जानकारी दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी बेहोरा मनासिब देखिएमा निवेदन परेको ३० दिनभित्र विवरण हेरफेर भएको कारण, व्यवसायको प्रकृति र कारोबार गर्ने वस्तु तथा सेवाको किसिममा संशोधन हुने रहेछ भने सो प्रकृतिको व्यवसायको लागि कर रकम र विवरण हेरफेर वापत आर्थिक ऐनमा तोकिएको दस्तुर लिई विवरण संशोधन गरिदिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम संशोधन गरिएको विवरणको बेहोरा राजश्व शाखा/कर एकाइले व्यवसाय दर्ता किताब र प्रमाणपत्रमा समेत उल्लेख गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम व्यवसायको प्रकृति र कारोबार गर्ने वस्तु तथा सेवाको किसिममा परिवर्तन भई कायम हुने नयाँ प्रकृतिको व्यवसायको कर साविकको प्रकृतिको व्यवसायको निमित्त तोकिएको कर भन्दा बढी लाग्ने भएमा सो फरक रकम मात्र असुल गरिनेछ र कम लाग्ने अवस्थामा आगामी आर्थिक वर्षदेखि नयाँ कायम हुने दरले कर लिनेगरी चालु आर्थिक वर्षको हकमा साविककै प्रकृति बमोजिम कर असुल गरिनेछ।

(५) दफा ८ बमोजिम विवरण हेरफेर सम्बन्धी कार्य वडा कार्यालय मार्फत हुने व्यवस्था मिलाइएको अवस्थामा हेरफेर भएको विवरण १५ दिनभित्र गाउँ कार्यपालिकाको कार्यालय र कर एकाइ तथा सम्बन्धित आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

९. साझेदार थपघट र ठाउँसारी सम्बन्धी प्रक्रियाः

(१) एक व्यक्ति वा एकभन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नुपरेमा आवश्यक कागजात समेत संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित कर एकाइले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर असुल गरी आर्थिक ऐनमा तोकिएको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिले साझेदार थपघट सम्बन्धी विवरण कायम गरी सोको जानकारी सम्बन्धित व्यवसायी र वडा कार्यालयलाई समेत दिनुपर्नेछ।

(३) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको व्यवसाय गाउँपालिका क्षेत्रभित्रकै अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कर एकाइले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर असुल गरी कार्यालयको लगत तथा दर्ता प्रमाणपत्रमा समेत विवरण अध्यावधिक गरिदिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम ठाउँसारी भएको जानकारी सम्बन्धित वडा तथा साविकको वडा कार्यालय र सम्बन्धित आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयलाई समेत दिनुपर्नेछ।

(५) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको व्यवसाय गाउँपालिका क्षेत्रभन्दा बाहिर अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कर एकाइले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर असुल गरी कार्यालयको लगतमा विवरण अध्यावधिक गरी ठाउँसारी जाने स्थानीय तहलाई लेखी पठाई सोको जानकारी सम्बन्धित व्यवसायी र वडा कार्यालयलाई दिनुपर्नेछ।

(६) उपदफा (२), (४) र (५) बमोजिमको जानकारी प्राप्त भएपछि सम्बन्धित वडा कार्यालयले आफ्नो व्यवसाय लगत किताबमा विवरण जनाई लगत अध्यावधिक गर्नुपर्नेछ।

(७) उपदफा (५) बमोजिम लगत खारेजको लागि लेखी गएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गराउनु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

१०. विवरण माग गर्न र निर्देशन दिन सक्नेः

(१) कुनै पनि पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा विवरण बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा बेहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले निजलाई आधार र कारण खोली विवरण दाखिल गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले १५ दिनभित्र कर एकाइमा विवरण दाखिल गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र विवरण दाखिल गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार कारण खोली समयावधि थपको लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी बढीमा ७ दिनसम्मको समयावधि थप दिन सक्नेछ।

(४) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा वा व्यवसाय सञ्चालन गर्दा सामाजिक सदाचार कायम राख्नुपर्नेछ र यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने/गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ।

परिच्छेद ४
कर बुझाउने दायित्व, कर निर्धारण र कर दाखिला

११. कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्नेः

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय दर्ता र नवीकरणमा आर्थिक ऐनले तोकेको दरमा व्यवसाय कर लगाउने र उठाउनेछ।

(२) ऐन र कार्यविधि बमोजिम व्यवसाय कर बुझाउने दायित्व व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा निज प्रतिनिधिको हुनेछ।

(३) कुनै व्यवसायको सम्बन्धमा उपदफा (२) बमोजिम कर बुझाउने दायित्व एकभन्दा बढी व्यक्ति उपर रहेछ भने कर बुझाउने दायित्व सबैको समान हुनेछ र उनीहरु मध्ये आपसी सहमतिका आधारमा जुनसुकै व्यक्तिले कर बुझाउन सक्नेछ।

(४) ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने व्यक्ति नाबालक रहेछ भने निजले बुझाउनुपर्ने कर निजको अभिभावक वा निजको संरक्षकले तिर्नुपर्नेछ।

(५) ऐन र यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गराउने, तोकिएको समयमा विवरण पेस गर्ने, बुझाउनुपर्ने कर तथा शुल्क वा जरिवाना वा हर्जना ब्याज समयमै दाखिला गर्ने, कर अधिकृत वा कार्यालयले माग गरेको सूचना वा तथ्यांक समयमा नै उपलब्ध गराई सहयोग पुऱ्याउने दायित्व समेत करदाताको हुनेछ।

१२. कर निर्धारणः

(१) करदाताले दफा ४ बमोजिम व्यवसाय दर्ता गर्दा पेस गरेको विवरण र परिच्छेद–३ बमोजिम हेरफेर भएको विवरण समेतका आधारमा कर अधिकृतले कर निर्धारण गर्नेछ।

(२) यस कार्यविधि बमोजिम करदाताले पेस गरेको विवरण गलत वा झुटो देखिएमा वा विवरण यथार्थ देखिएको भनी विश्वास गर्न सकिने मनासिब कारण नदेखिएको अवस्थामा कर अधिकृतले कर परीक्षण गरी कर निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा कर अधिकृतले करदातालाई आधार र कारण खुलाइ आफ्नो स्पष्टीकरण पेस गर्न १५ दिनको सूचना दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेस गर्नुपर्नेछ।

(५) कर अधिकृतले उपदफा (४) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेस गरेकोमा सो समेतलाई आधार मानी तथा स्पष्टीकरण पेस नगरेको अवस्थामा यस दफा बमोजिम कर निर्धारण गर्नुपर्नेछ।

१३. कर निर्धारण सूचनाः

(१) दफा १२ बमोजिम कर अधिकृतबाट कर निर्धारण भएपश्चात् करदाताले बुझाउनुपर्ने कर रकम, स्थान, समयसीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी अनुसूची ५ बमोजिमको ढाँचामा करदातालाई कर निर्धारणको जानकारी दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको बैंक खातामा कर दाखिला गरेको अवस्थामा करदाताले त्यसको बैंक भौचर कार्यालयमा बुझाउनुपर्नेछ।

(४) कार्यालयले यस कार्यविधि बमोजिम निर्धारण गरिएको कर विद्युतीय माध्यमबाट समेत भुक्तानी गर्ने व्यवस्था मिलाउन सक्नेछ।

१४. कर दाखिला गर्नुपर्नेः

(१) करदाताले ऐन र यस कार्यविधि बमोजिम प्रत्येक आर्थिक वर्षको निमित्त तिर्नुपर्ने कर रकम सोही आर्थिक वर्षको आषाढ मसान्तभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि करदाताले चाहेमा कुनै आर्थिक वर्षको कर रकम कार्यालयले तोकेको बैंक खातामा अघिल्लो वर्षमा समेत दाखिला गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अग्रिम रुपमा कर दाखिला गर्दा पाउने छुट सुविधा गाउँपालिकाको प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

१५. कर दाखिला निस्सा दिनुपर्नेः करदाताले ऐन र यस कार्यविधि बमोजिम बुझाउनुपर्ने कर रकम दाखिला गरेपछि कार्यालयले करदातालाई तत्काल त्यसको निस्सा दिनुपर्नेछ।

१६. कर असुली सम्बन्धी व्यवस्थाः

(१) ऐन र यस कार्यविधि बमोजिम असुल उपर गर्नुपर्ने कर वापतको रकम करदाताले दफा १४ बमोजिम तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका अपनाई कर असुल गर्न सक्नेछ।

(क) करदातालाई फिर्ता गर्नुपर्ने भए कट्टी गरेर।

(ख) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउनुपर्ने रकमबाट कट्टी गर्न लगाएर।

(ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर।

(घ) करदाताको कारोबार रोक्का गरेर।

(ङ) करदाताको चल तथा अचल सम्पत्ति दावी वा रोक्का गरेर।

(च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर।

(२) उपदफा (१) बमोजिम प्रक्रिया प्रारम्भ गर्न अघि करदातालाई १५ दिनको म्याद सहित लिखित जानकारी गराउनुपर्नेछ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारबाही सुरु भएपश्चात् सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कर रकमको थप २० प्रतिशत शुल्क सहित असुल गरिनेछ।

(४) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम ६० दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनुपर्नेछ।

परिच्छेद ५
जरिवाना तथा थप दस्तुर

१७. जरिवाना तथा थप दस्तुरः

(१) ऐन र यस कार्यविधि बमोजिम कर बुझाउनुपर्ने अवधिभित्र कर नबुझाएमा आर्थिक ऐनमा तोकिएको दरमा जरिवाना सहित कर असुल गरिनेछ।

१८. कर नतिर्नेको विवरण प्रकाशन गर्न सक्नेः गाउँपालिकाले ऐन र यस कार्यविधि बमोजिम तिर्नु बुझाउनुपर्ने कर रकम दाखिला नगर्ने व्यक्ति वा संघसंस्थाको नाम सार्वजनिक गर्न सक्नेछ।

१९. व्यवसाय सञ्चालन नभएको सिफारिस दिन सक्नेः

(१) प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसाय विविध कारणले सञ्चालनमा नै आउन नसकी व्यवसाय बन्दको लागि सम्बन्धित निकायको नाममा सिफारिस लिन चाहने व्यक्तिले सोको विस्तृत कारण उल्लेख गरी सम्भव भएसम्मका प्रमाण संलग्न राखी सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी बेहोरा मनासिब देखिन आएमा आर्थिक ऐनमा तोकिएको दस्तुर लिई व्यवसाय सञ्चालनमा नरहेको बेहोरा खुलाइ आफ्नो लगतमा कट्टा गरी व्यवसाय खारेजको लागि गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ।

२०. व्यवसाय दर्ता/नवीकरण नगरी सञ्चालन गरेमा कारवाही हुनेः

(१) गाउँपालिका क्षेत्रभित्र प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता वा नवीकरण नगरी व्यवसाय सञ्चालन गरेको पाइएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई १५ दिनको म्याद दिई व्यवसाय दर्ताको लागि पत्राचार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ता वा नवीकरणका लागि जनाउ दिएको मितिले १५ दिनभित्र व्यवसाय दर्ता वा नवीकरण नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेको ३ महिनाभित्र पनि व्यवसाय दर्ता वा नवीकरण नगरी व्यवसाय सञ्चालन गरेमा गाउँपालिकाले बाँकी बक्यौता कर तथा जरिवाना दफा १६ को उपदफा (१) बमोजिम असुल उपर गरी दर्ता खारेजीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता खारेजीको लागि लेखी पठाउनुपूर्व त्यस्ता व्यवसायीको सूची सार्वजनिक गरिनेछ।

(५) यस दफा बमोजिम दर्ता खारेजीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पूर्व सम्बन्धित व्यवसायीलाई आफ्नो सफाई पेस गर्ने पर्याप्त मौका दिनुपर्नेछ।

परिच्छेद ६
विविध

२१. वडा कार्यालयको जिम्मेवारीः

(१) आफ्नो वडा भित्र सञ्चालनमा रहेका व्यापार, व्यवसायको अभिलेख अनुसूची ६ बमोजिमको ढाँचामा अध्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयको हुनेछ।

(२) उपदफा (१) बमोजिम वडा कार्यालयमा विवरण अध्यावधिक नहुँदासम्म गाउँपालिका क्षेत्रभित्रको सम्पूर्ण विवरण कर एकाइमा राखिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ९ बमोजिम साझेदार थपघट तथा व्यवसायको ठाउँसारी सम्बन्धी कार्य गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन गरिनेछ।

२२. इकाइ (डिलर) वा सम्पर्क कार्यालय खोल्न स्वीकृति लिनुपर्नेः

(१) कुनैपनि फर्म वा व्यवसायले यस कार्यविधि बमोजिम आफ्नो इकाई वा सम्पर्क कार्यालय खोल्न सक्नेछन्। यसरी इकाई वा सम्पर्क कार्यालय खोली व्यवसायिक कारोबार गर्नका लागि वा एक भन्दा बढी स्थानीय तहमा व्यवसायिक कारोबार गर्नका लागि समेत अनुमति लिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम इकाई वा सम्पर्क कार्यालय खोल्न देहायका कागजात सहित आर्थिक ऐन बमोजिम दरखास्त दस्तुर संलग्न गरी अनुसूची ७ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(क) इकाई वा सम्पर्क कार्यालयले गर्ने कार्यको विस्तृत विवरण,

(ख) इकाई वा सम्पर्क कार्यालय रहने स्थानको ठेगाना,

(ग) जग्गाधनी पुर्जा (जग्गा आफ्नो नाममा नभई एकाघरको भएमा मञ्जुरीनामा, एकाघर बाहिरको भएमा घरभाडाको सम्झौता र मालपोत तिरो तिरेको रसिद),

(घ) इकाई भए इकाइले सम्पादन गर्ने अधिकतम पूँजी,

(ङ) वार्षिक प्रतिवेदन समयमै बुझाएको प्रमाणपत्र,
(च) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र
(छ) पछिल्लो आर्थिक वर्षको आन्तरिक राजश्व कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र।

(३) उपनियम (२) बमोजिम सम्बन्धित निकायमा दरखास्त प्राप्त भएमा जाँचबुझ गरी मनासिब देखिएमा आर्थिक ऐन बमोजिम दस्तुर लिई सम्बन्धित निकायले सम्पर्क कार्यालय वा इकाई स्थापनाको अनुमति दिई त्यस्तो बेहोरा आफ्नो अभिलेखमा अध्यावधिक गर्नेछ।

(४) इकाई स्थापनाको लागि दिइने प्रमाणपत्रको ढाँचा अनुसूची ८ बमोजिम हुनेछ।

२३. व्यवसाय दर्ता खारेज गर्न सकिनेः

(१) कुनै करदाताले व्यवसाय बन्द गर्न चाहेमा यस ऐन बमोजिम लाग्ने कर बुझाई अनुसूची ९ बमोजिम व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन नपरेसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर असुल उपर गरिनेछ।

(३) व्यवसायीले यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा सोको कारण खुलाई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यवसाय खारेजको लागि कर एकाइमा सिफारिस सहित पठाउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम वडा कार्यालयबाट सिफारिस भई आएपछि कर एकाइले कागजात अध्ययन गरी लगत कट्टा वापत आर्थिक ऐनमा तोकिएको दस्तुर लिई लगत कट्टा गरी सोको जानकारी सम्बन्धित वडा कार्यालय, व्यवसायी र सम्बन्धित आन्तरिक राजश्व वा करदाता सेवा कार्यालयलाई दिनुपर्नेछ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागू हुनुपूर्व दर्ता भई विगतदेखि नै सञ्चालनमा नरहेका व्यवसायहरूको हकमा लगत कट्टाको लागि कार्यालयले निश्चित अवधि तोकी आवश्यक प्रमाण सहित निवेदन पेस गर्न सूचना प्रकाशन गर्नेछ।

(७) उपदफा (६) बमोजिम लगत कट्टा गर्दा अपनाउनुपर्ने अन्य कार्यविधि समय–समयमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(८) प्रचलित कानून विपरीत कारोबार गरेमा, पेशा व्यवसाय सञ्चालन गरेमा र व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उल्लंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना वापतको रकम सरकारी बाँकी सरह असुल गर्नेछ।

२४. प्रतिलिपि दिन सक्नेः

(१) व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा वा यस्तै अन्य कारणले नयाँ प्रमाणपत्र उपलब्ध गराउनुपर्ने अवस्था भएमा कर एकाइले आवश्यक जाँचबुझ गरी आर्थिक ऐनले तोकेको प्रतिलिपि दस्तुर लिई प्रमाणपत्र जारी गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नवीकरण गर्ने महल खाली नभएको अवस्थामा नयाँ प्रमाणपत्र उपलब्ध गराउँदा यस दफा बमोजिमको दस्तुर लाग्नेछैन।

२५. प्रोत्साहन गर्न सक्नेः गाउँपालिकाले एकल महिला, सीमान्तकृत, शहिद तथा वेपत्ता परिवार र उत्पीडित वर्ग तथा विपन्न युवाको उद्यमशीलता विकासलाई योगदान पुर्‍याउने प्रकृतिका व्यवसायलाई प्रवर्द्धन गरी आर्थिक ऐन तथा वार्षिक नीति तथा कार्यक्रम मार्फत आवश्यक व्यवस्था गर्न सक्नेछ।

२६. श्रमिक सम्बन्धी व्यवस्थाः व्यवसायीले नेपालको प्रचलित श्रम ऐन तथा श्रमसँग सम्बन्धित नियम कानूनको पूर्ण पालना गर्नुपर्नेछ।

२७. फोहोर मैला तथा वातावरण व्यवस्थापनः

(१) संघीय तथा प्रदेश कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरण प्रभाव मूल्यांकन गरी सञ्चालन गर्नुपर्ने व्यवसायको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ।

(२) गाउँपालिका भित्र सञ्चालन हुने उद्योग वा व्यवसायले उत्पादन वा उत्सर्जन गरेको फोहोरमैला र प्रदूषणको व्यवस्थापन गर्ने जिम्मेवारी स्वयं व्यवसायीको हुनेछ।

(३) व्यवसाय सञ्चालनको क्रममा उत्पादन हुने औद्योगिक, स्वास्थ्य संस्थाजन्य र हानिकारक फोहोरमैला बाहेकको अन्य साधारण फोहोरमैला गाउँपालिकाले चाहेमा तोकेको सेवा शुल्क लिई व्यवस्थापन गरिदिन सक्नेछ।

२८. व्यवसायीले सामाजिक उत्तरदायित्व बहन गर्नुपर्नेः

(१) व्यवसायीले प्रचलित कानून बमोजिम तोकिएको नाफाको अंश सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याई गाउँपालिका भित्र सामाजिक सेवामा खर्च गर्नुपर्नेछ।

(२) कार्यालयले स्थानीय आवश्यकता र औचित्यका आधारमा व्यवसायीलाई सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याइएको रकम खर्च गर्न सक्ने क्षेत्र तोक्न सक्नेछ।

(३) यस दफा बमोजिम सामाजिक सेवामा गरिएको विवरण व्यवसायीले कार्यालयमा उपलब्ध गराउनुपर्नेछ।

२९. अधिकार प्रत्यायोजन गर्न सकिनेः यस कार्यविधि कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतमा निहित रहेको अधिकार मातहतका अधिकृत वा अन्य कर्मचारी वा वडा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

३०. बाधा अड्काउ फुकाउने अधिकारः

(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

(२) उपदफा (१) बमोजिम अधिकार प्रयोग गर्दा ऐन र यस कार्यविधिको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ।

३१. खारेजी र बचाउः

(१) शहिद लखन गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०८० खारेज गरिएको छ।

(२) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

(३) यस अघि गाउँपालिकाबाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

शहिद लखन गाउँपालिका, गोरखा

अनुसूची १
(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा, गण्डकी प्रदेश, नेपाल।

व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचनाको नमुना
प्रथम पटक प्रकाशित मितिः ....

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३ को दफा ३ को उपदफा (३) बमोजिम हालसम्म गाउँपालिका क्षेत्रभित्र दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा त्यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिनभित्र व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०८३ को दफा ४ बमोजिमको विवरण तथा कागजात संलग्न राखी गाउँपालिकाको कार्यालयमा व्यवसाय दर्ताको लागि निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
यस सूचनाको म्यादभित्र दर्ता नगरी सञ्चालन हुने व्यवसायलाई गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३ को दफा १६ बमोजिमको कारबाही तथा सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यवसाय बन्दको कारबाही समेत चलाउन सकिनेछ।

....
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका, गोरखा

अनुसूची २
(दफा ४ को उपदफा (१), दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम नमुना

मितिः ....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा, गण्डकी प्रदेश, नेपाल।

<u>विषयः व्यवसाय दर्ता/नवीकरण सम्बन्धमा।</u>

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता/नवीकरण गर्न आवश्यक सम्पूर्ण कागजात सहित आएको छु/छौं। नियमानुसार लाग्ने कर बुझाउनको साथै गाउँपालिकाबाट समय–समयमा दिइने आदेश/निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौं, साथै मैले/हामीले पेस गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिमको कारबाही भएमा भोग्न मञ्जुर छु/छौं।

१. व्यवसायीको नामः ....
२. स्थायी ठेगानाः जिल्ला................... न.पा./गा.पा................ वडा नं.......... मार्ग............... घर नं.............
३. सम्पर्क नं.................................... इमेलः....................................
४. व्यवसायीको नाम थरः ....
५. फर्म वा कम्पनीको नामः ....
६. व्यवसायको प्रकृतिः ....
७. परिचय पाटीको साइजः (लम्बाई .... चौडाई .... वर्गफिट)
८. व्यवसाय रहने जग्गा र जग्गाधनीको नाम थरः ....
ठेगाना ....
९. पूँजी लगानीः
(क) चालु पूँजी रु. ....
(ख) स्थिर पूँजी रु. ....
आवश्यक संलग्न कागजातहरुः
(क) आफ्नै घर जग्गा भए जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि–१, अरुको नामको घर जग्गा भएमा सम्बन्धित जग्गाधनिको मञ्जुरीनामा वा कम्तिमा २ वर्षको वहाल सम्झौतापत्रको प्रतिलिपि –१
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि–१ वा विदेशी नागरिकका हकमा नेपालस्थित राजदूतावासबाट व्यवसायीको नाममा जारी कागजात–१
(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
(घ) व्यवसायीको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
(ङ) फर्म कम्पनी भएमा दर्ता इजाजत प्रमाणपत्र।
(च) संयुक्त व्यवसाय भए साझेदारहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र साझेदारहरुबीचको साझेदारी सम्बन्धी सम्झौतापत्रको प्रतिलिपि।

(छ) व्यवसाय दर्ताको लागि सँधियारहरुको मञ्जुरीनामा/ सर्जमिन मुचुल्का
(ज) करचुक्ताको प्रतिलिपि।

निवेदकको हस्ताक्षरः ....
मितिः ....

कार्यालय प्रयोजनको लागि मात्रः
निवेदन दस्तुर ....
दर्ता शुल्क ....
आ.व. ....
व्यवसाय कर ....
परिचय पाटी दस्तुर ....
जरिवाना ....
जम्मा रु. ....
लाग्ने बेहोरा प्रमाणित गर्दछु।
निजको व्यवसाय प्रमाणपत्र नं. .... रहेको छ।

पेश गर्ने   सिफारिस मिति   स्वीकृत गर्ने

शहिद लखन गाउँपालिका, गोरखा।

अनुसूची ३
(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)
शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा, गण्डकी प्रदेश, नेपाल।

व्यवसाय दर्ता किताब
आ.व. ....

क्र.सं.	दर्ता मिति	दर्ता नं.	करदाता संकेत नं.	व्यवसाय वा मुख्य व्यक्तिको नाम	व्यवसाय वा फर्मको नाम	टोल	गाउँ	वडा नं.	फोन नं.	ईमेल	व्यवसायको किसिम	चालु पूँजी रु.	स्थिर पूँजी रु	घर धनीको नाम	घर धनीको फोन नं.	व्यवसाय रहने घर नं.	व्यवसाय भएको कि नभएको	प्रमाणपत्र नं.

शहिद लखन गाउँपालिका, गोरखा।

अनुसूची ४
(दफा ४ को उपदफा ५ सँग सम्बन्धित)

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा, गण्डकी प्रदेश, नेपाल।
व्यवसाय दर्ता प्रमाणपत्र

दर्ता नं.:........... दर्ता मिति:............

गोरखा जिल्ला शहिद लखन गाउँपालिका वडा नं.......... बस्ने तपाईं श्री...............................लाई शहिद लखन गाउँपालिकाको "व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३" अनुसार व्यवसाय दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ।

व्यवसायको
नाम:........... ....
व्यवसायीको नागरिकता प्र.प. नं./जारी मिति/जिल्ला:...........................
व्यवसाय सञ्चालन भएको वा हुने मिति:..
व्यवसाय रहने स्थान:..
घर नं.........................टोल.................................
व्यवसायको प्रकृति:...
व्यवसायको वर्गीकरण:...
लगानी पूँजी ....

सञ्चालक	तयार गर्ने	जारी गर्ने
नामथर:............	नामथर:............	नामथर:............
पद:	पद:	पद: ....

व्यवसायीले ध्यान दिनुपर्ने विषयहरुः

१. व्यवसायीले प्रत्येक आर्थिक वर्षको लागि तोकिएको व्यवसाय कर उक्त आ.व. को असोज महिना भित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ।
२. व्यवसाय रहेको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ।
३. व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कर एकाई / राजश्व शाखाबाट व्यवसाय बन्द गरेको जानकारी अनिवार्य रुपमा दिनुपर्नेछ। अन्यथा व्यवसाय चालु नै रहेको मानी कर लाग्नेछ।
४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा अनिवार्य रुपमा सबैले देख्नेगरी राख्नुपर्नेछ। यस्तो प्रमाणपत्र गाउँपालिकाले माग गरेको बखतमा तुरुन्त देखाउनु पर्नेछ।
५. व्यवसायिक गतिविधि सञ्चालन गर्दा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन। सो गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी व्यवसाय दर्ता खारेज समेत गर्न सकिनेछ।
६. व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायी स्वयंको हुनेछ।
७. व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिकाबाट समय-समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

शहिद लखन गाउँपालिका, गोरखा।

८. कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नुपर्नेछ।
९. व्यवसाय सञ्चालनको क्रममा प्रचलित कानूनको पालना नगरेमा कार्यालयले नियमानुसार यो प्रमाणपत्र खारेज गर्न सक्नेछ।

व्यवसाय नवीकरण सम्बन्धी विवरणः

क्र.सं.	आर्थिक वर्ष	नवीकरण गरेको मिति	नवीकरण शुल्क	जरिवाना	जम्मा रकम	रसिद नं.	नवीकरण गर्नेको हस्ताक्षर

शहिद लखन गाँउपालिका, गोरखा।

अनुसूची ५
(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)
व्यवसाय कर निर्धारण

विवरण	**जानकारी**
करदाता परिचयपत्र नं.	
करदाताको नाम	
ठेगाना	
कर निर्धारण गरेको आर्थिक वर्ष	
कर निर्धारण गरेको मिति	

क्र.सं.	**व्यवसायको नाम**	**कर लाग्ने कुल रकम**	**..........% ले कायम हुने कर**	**अग्रिम दाखिला गरेको रकम**	**अब दाखिला गर्न बाँकी रकम**	**कैफियत**
१						
२						

विवरण	**रकम**
गत /विगत वर्षको बक्यौता	
जम्मा	

....
कर अधिकृत

शहिद लखन गाउँपालिका, गोरखा

अनुसूची ६

(दफा २१ को उपदफा (१) सँग सम्बन्धित)

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको, कार्यालय

घैरुङ, गोरखा, गण्डकी प्रदेश, नेपाल।

वडामा रहेका व्यवसायको विवरण

क्र.सं.	व्यवसायीको नाम	व्यवसाय/फर्मको नाम	ठेगाना	सम्पर्क नं.	दर्ता/नवीकरण भए/नभएको (आर्थिक वर्ष सहित)	कैफियत

शहिद लखन गाउँपालिका, गोरखा।

अनुसूची ७

(दफा २२ को उपदफा (२) सँग सम्बन्धित)

शहिद लखन गाउँपालिका,

गाउँ कार्यपालिकाको, कार्यालय

घैरुङ, गोरखा, गण्डकी प्रदेश, नेपाल।

इकाई / सम्पर्क कार्यालय स्थापना लागि दिने दरखास्तको ढाँचा

मितिः ....

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
शहिद लखन गाउँपालिका, घैरुङ, गोरखा।

विषयः इकाई/सम्पर्क कार्यालय स्थापना सम्बन्धमा।

........................कार्यालयको अभिलेख अन्तर्गत.......... नं. मा दर्ता भई सञ्चालनमा रहेको मेरो/हाम्रो इकाई/सम्पर्क कार्यालय यस गाउँपालिकामा स्थापना गर्नुपर्ने भएकाले देहायका कागजातहरु संलग्न राखी इकाई/सम्पर्क कार्यालय स्थापना अनुमतिको लागि यो निवेदन पेस गरेको छु/छौं। लेखिएको बेहोरामा कुनै झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

क्र.सं.	**विवरण**	
१	मूल व्यवसायको/फर्मको पूरा नाम	
२	मूल व्यवसायको/फर्मको पूरा ठेगाना	
३	इकाई/सम्पर्क कार्यालय स्थापना हुने स्थानको ठेगाना	
४	इकाई/सम्पर्क कार्यालय स्थापना गर्नुको मुख्य कारण	
५	इकाई भए अधिकृत पूँजी	
६	प्रमाणपत्र दर्ता नं.	
७	साझेदारको हकमा साझेदारको इकाई/सम्पर्क कार्यालय स्थापना गर्ने निर्णय गरेको मिति	
८	अन्य इकाई भए सोको अधिकृत पूँजी र ठेगाना	

निवेदकको
दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नं.

सहिछाप

दायाँ	बायाँ

शहिद लखन गाउँपालिका, गोरखा।

अनुसूची ८

(दफा २२ को उपदफा (४) सँग सम्बन्धित)

शहिद लखन गाउँपालिका,

गाउँ कार्यपालिकाको, कार्यालय

घैरुङ, गोरखा, गण्डकी प्रदेश, नेपाल।

इकाई/सम्पर्क कार्यालयको प्रमाणपत्रको ढाँचा

विवरण	**जानकारी**
साविक दर्ता नं./कार्यालय	
दर्ता नं./मिति	

निम्न विवरण भएको .... व्यवसायको/फर्मको इकाई/सम्पर्क कार्यालयको रुपमा यस शहिद लखन गाउँपालिकाको कार्यालयमा गाउँपालिकाको “व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८३” बमोजिम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

विवरण

क्र.सं.	**विवरण**	
१	मूल व्यवसायको /फर्मको नाम	
२	मूल व्यवसायको /फर्मको ठेगाना	
३	इकाई/सम्पर्क कार्यालय रहने ठेगाना	
४	मूल व्यवसायको फर्मको अधिकृत पूँजी	
५	इकाईको अधिकृत पूँजी	

यस बाहेकका अन्य इकाईहरुको संख्या:

ठेगाना	
क)	
ख)	
ग)	

अन्य विवरणः

....

....

कार्यालय प्रमुख

शहिद लखन गाउँपालिका, गोरखा

अनुसूची ९
(दफा २३ को उपदफा (१) सँग सम्बन्धित)
शहिद लखन गाउँपालिका,
गाउँ कार्यपालिकाको, कार्यालय
घैरुङ-, गोरखा, गण्डकी प्रदेश, नेपाल।
व्यवसाय/फर्म खारेजीका लागि दिने दरखास्तको ढाँचा

मितिः ....

श्रीमान प्रमुख प्रशासकीय अधिकृत,
शहिद लखन गाउँपालिका, घैरुङ, गोरखा।

विषयः व्यवसाय/फर्म खारेजी सम्बन्धमा।

मेरो/हाम्रो नाममा शहिद लखन गाउँपालिकाको कार्यालयबाट दर्ता नं. .... मिति .... मा दर्ता भएको .... नामको निजी/साझेदारी व्यवसाय/फर्म .... कारणले गर्दा गरी राख्न यो निवेदन दिएको छु/छौं। नियमानुसार लाग्ने दस्तुर तिरी व्यवसाय/फर्म खारेज गरी पाऊँ भनी समेत अनुरोध छ। यस फर्मको नाममा हुने किसिमको रकम वा राजश्व बुझाउन बाँकी रहेछ भने कुनै उजुर बाजुर नगरी सम्बन्धित नियममा बुझाउन मेरो/हाम्रो मञ्जुरी छ।

संलग्न कागजातहरु:
१.
२.
३.

निवेदक
दस्तखतः
नामः
ठेगानाः
फर्मको छापः

शहिद लखन गाउँपालिका, गोरखा।